# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १४ मितिः २०७४/१२/१८

भाग-२

भूमे गाउँपालिका

## विपद व्यवस्थापन तथा प्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७४ (प्रथम संशोधन २०७९।०५।१८)

*गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७४/०७/२०*

भवितव्य रुपमा प्राकृतिक वा मानवीय कारणले विपद् तथा प्रकोप जतिखेर पनि जुनसुकै स्थानमा आउन सक्ने भएकाले मानव जीवनको रक्षा, मानव अधिकारको प्रवर्द्धन र मानवहित सुनिश्चित गर्न गाउँपालिका स्तरमा विपद् व्यवस्थापन कोषको आवश्यकतालाई मध्यनजर गरी प्रकोप पीडितको घाउमा मलम स्वरुप तत्काल खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यलाई सहयोग पुऱ्याउन यो निर्देशिका जारी गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१ संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस सञ्चालन निर्देशिकाको नाम "विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७४" रहेको छ ।

१.२ यो निर्देशिका भूमे गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२ परिभाषा**

(क) "निर्देशिका" भन्नाले विपद् व्यवस्थापन तथा प्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७४ बुझ्नुपर्छ।

(ख) "कोष" भन्नाले विपद् व्यवस्थापन कोष बुझ्नुपर्दछ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले विपद् व्यवस्थापन तथा प्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ।

(घ) " समिति" भन्नाले विपद व्यवस्थापन समितिलाई बुझ्नुपर्दछ ।

(ङ) " प्रकोप" भन्नाले प्राकृतिक कारणबाट भवितव्य सिर्जित भौतिक तथा मानवीय क्षति गर्ने खालका विपद् तथा प्रकोपलाई बुझ्नु पर्दछ । सो शब्दले मानवीय कारणबाट भवितव्य रुपमा आइपर्ने विपद्लाई समेत बुझाउनेछ ।

**३ कोषको स्थापना**

३.१ गाउँपालिका स्तरमा विपद् व्यवस्थापन कोष नाम गरेको छुट्टै एक कोषको स्थापना हुनेछ ।

४ **कोषको कार्यालय**

४.१ कोषको सचिवालय भूमे गाउँ कार्यपालिकाको कार्यालय, रुकुम (पूर्व)मा हुनेछ ।

## परिच्छेद-२

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५. कोषको अवधारणाः**

गाउँपालिकामा हुने सबै प्रकारका प्रकोपहरुलाई न्यूनीकरण गरी प्रकोप पीडित व्यक्ति, परिवार तथा समूहको संख्यामा कमी ल्याउनुका साथै प्रकोप पीडितलाई केही राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्यः**

प्राकृतिक प्रकोपमा परेका परिवार, संघ/संस्थालाई पुनर्स्थापनामा सहयोग पुऱ्याई प्रकोप पीडित अवस्थाबाट गाउँपालिकालाई मुक्त गर्न सहयोग पुऱ्याउनु कोषको प्रमुख लक्ष्य रहेको छ।

**७. उद्देश्यः**

**कोषका उद्देश्य देहाय अनुसार हुनेछन्:**

(क) प्रकोप पीडितलाई तत्काल उद्धार सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

(ख) प्रकोप पीडितको आधारभूत आवश्यकता परिपूर्तिका लागि क्षतिको मूल्याङ्कनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग पुऱ्याउने ।

(ग) प्राकृतिक तथा मानवीय प्रकोप व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सबै निकायहका बीच आपसी सहयोग, समन्वय र सहकार्यको वातावरण बनाउने ।

(घ) प्रकोपबाट हुन सक्ने जोखिमलाई न्यून गर्न सहयोग पुऱ्याउने अभिप्रायले समय सापेक्ष नीतिगत तथा संस्थागत संयन्त्रमा सुधार ल्याउने ।

(ङ) प्रकोपबाट हुन सक्ने हानी-नोक्सानीका बारेमा सचेतना फैल्याउन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणका लागि आवश्यक तयारी र जनचेतना फैलाउने ।

(च) प्रकोप व्यवस्थापन सम्बन्धी एकीकृत कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि पहल गर्ने ।

(छ) प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा वातावरणमैत्री योजना निर्माणमा सहयोग पुऱ्याउने।

(ज) प्रकोप पीडितको उद्धार तथा पुनर्स्थापनाका लागि गाउँपालिका अन्तर्गत रहेका सबै कार्यालय, संघसंस्था बीच समन्वय गर्नुका साथै आवश्यक जनसहभागिता जुटाउन पहल गर्ने ।

**८. नीतिः**

(क) प्रकोप पीडितलाई तत्काल उद्धार कार्यमा सहयोग पुऱ्याउने ।

(ख) मानवीय आधारभूत आवध्यकता परिपूर्तिका लागि तत्काल राहत सहयोग उपलब्ध गराउने ।

(ग) प्रकोप पीडितको पुनर्स्थापनाका लागि तत्काल सहयोग पुऱ्याउने ।

(घ) प्रकोप पीडितहरुलाई एकीकृत रुपमा सहयोग उपलब्ध गराउन सम्बन्धित सबै सरोकारवाला र निकायहरु बीच समन्वय गर्ने ।

(ङ) विपद् तथा प्रकोपमा परेकाहरुको खोजी, उद्धार, राहत, पुनर्स्थापना लगायत समग्र विपद् व्यवस्थापनका लागि संरचना, योजना तर्जुमा र कार्यान्वियन गर्ने गराउने ।

**परिच्छेद-३**

**कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था**

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

९.१ यस कोषको लक्ष्य उद्देश्यहरु हासिल गर्नका लागि देहाय बमोजिमको एक कोष व्यवस्थापन तथा सञ्चालक समिति रहनेछः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| गाउँपालिकाका उपाध्यक्ष | - सदस्य |
| वडाध्यक्षहरु | - सदस्य |
| विपद् व्यवस्थापन समितिका संयोजक | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| स्थानीय सुरक्षा निकाय प्रमुख | - सदस्य |
| विपद् तथा प्रकोप व्यवस्थापन क्षेत्रमा क्रियाशील | |
| संघसंस्थाका प्रतिनिधि | - सदस्य |
| विपद् व्यवस्थापन क्षेत्रमा योगदान पुऱ्याउन सक्ने | |
| समितिले मनोनित गरेको एक जना | - सदस्य |
| प्रशासन शाखा प्रमुख | - सदस्य-सचिव |

९.२ समितिको बैठक सामान्यतया वर्षमा ३ पटक (चौमासिक) बस्नेछ । विशेष परिस्थितिमा अध्यक्षको आदेश बमोजिम जुनसुकै समयमा बैठक बोलाउन सकिनेछ । अध्यक्षको आदेश बमोजिम सदस्य सचिवले बैठक बोलाउनेछ ।

९.३ समितिको तत्काल कायम सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्ने छ।

**१०. कोष व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः**

विपद् व्यवस्थापन तथा प्रकोप विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद् तथा प्रकोप व्यवस्थापनका लागि आवश्यक स्रोत जुटाउने ।

(ख) प्रकोप सम्बन्धी वार्षिक कार्य योजना तर्जुमा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पठाउने ।

(ग) विपद् व्यवस्थापनका क्रममा खोजी, उद्धार, पुनर्स्थापना कार्य तथा विपद् व्यवस्थापन लागि मानवीय शक्ति परिचालन गर्ने गराउने।

(घ) विकास योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा वातावरणमैत्री बनाउन सबै सरोकारवालाहरुसँग छलफल, आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) विपद् तथा प्रकोपबाट पीडित व्यक्ति/परिवार/संघसंस्थालाई भौतिक तथा मानवीय क्षतिको लेखाजोखा गरी कोषको अवस्था हेरी रु. २०,००० सम्म आर्थिक राहत उपलब्ध गराउने।

(च) विपद् व्यवस्थापन क्षेत्रमा भए गरेका कामहरुको अनुगमन गर्ने, निर्देशन दिने र सो कार्यहरुको प्रगति समीक्षा गर्ने ।

(छ) गाउँपालिकामा विपद् प्रतिकार्य योजना, विपद् व्यवस्थापन योजना, जनशक्ति परिचालन लगायत विषयहरुमा सम्बन्धित सबै सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(ज) गाउँपालिकास्तरीय विपद् तथा प्रकोप व्यवस्थापन सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

**११. अध्यक्षको काम, कर्तव्य र क्षेत्राधिकारः**

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रस्ताव तथा प्रतिवेदन पेश गर्ने गराउने ।

(घ) समितिको सदस्यहरुलाई जिम्मेवारीको बाँडफाँड गर्ने तथा आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउन र परिचालन गर्न आवश्यक पहल गर्ने ।

(च) विपद् तथा प्रकोपको तत्काल राहतका लागि अवस्था हेरी रु. १०,००० सम्म आर्थिक राहत उपलब्ध गराउने ।

(छ) समितिको निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गर्ने गराउने ।

(ज) समितिको तर्फबाट अन्य निकायमा प्रतिनिधित्वय गर्ने गराउने ।

(झ) कोषको योजना तर्जुमा गर्न तथा स्वीकृत गर्न गराउन आवश्यक पहल गर्ने ।

(ञ) कोषबाट भएका कामबारबाहीहरुको अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) अध्यक्षको परामर्शमा छलफलका विषयवस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ग) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने ।

(घ) कोषसँग सम्बन्धित सूचना, तथ्याङ्क तथा अभिलेखको संरक्षण तथा अद्यावधिक गर्ने ।

(ङ) कोषको चल अचल सम्पत्तिको संरक्षण गर्ने गराउने । साथै, प्रशासनिक तथा अन्य कामहरु गर्ने ।

(च) कोषको कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयन गराउन आवश्यक पहल गर्ने ।

(छ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

**१३. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(क) बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने

(ख) बैठकको निर्णयमा पुग्न मतदान गर्नुपर्ने भएमा मतदान गर्ने ।

(ग) समितिको निर्णय तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

**परिच्छेद- ४**

**आर्थिक तथा प्रशासनिक व्यवस्था**

**१४. कोषको वित्तीय व्यवस्थापनः**

(१) समितिको नाममा एउटा कोष रहनेछ । जसमा देहायका रकमहरु रहनेछन्:

(क) गाउँ सभा तथा वडा समितिबाट विपद् व्यवस्थापन कोषका लागि विनियोजित रकम ।

(ख) गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार प्राप्त हुने रकम ।

(ग) दातृ निकाय, परियोजना, संघसंस्था, व्यक्ति लगायत अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्कबाट वापत प्राप्त हुने रकम ।

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(२) कोषको रकम नजिकको कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन गाउँपालिकाका समितिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको लेखा परीक्षणसम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाको लेखापरीक्षण बमोजिम नै हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्थाः**

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको बमोजिम हुनेछ ।

**१६. अन्य क्षेत्रमा खर्च गर्न नमिल्नेः**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य क्षेत्रमा रकम खर्च गर्न पाइने छैन ।

**१७. प्रशासनिक व्यवस्थाः**

कोषको प्रशासनिक व्यवस्था तथा आर्थिक व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयको कर्मचारीहरुबाटै सञ्चालन गरिनेछ ।

**१८. बैठक भत्ताः**

कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

**१९. कार्यक्रम सञ्चालन सम्बन्धी खर्चको व्यवस्थाः**

(क) कोषबाट सञ्चालन हुने कार्यक्रमहरु कोषले आफैं वा अन्य सरकारी/गैरसरकारी निकायसँग समन्वय तथा साझेदारीमा गर्न सकिनेछ ।

(ख) कोषले आफ्नो कार्यक्रमहरु आफै वा गैर सरकारी संघसंस्थाहरुबाट सञ्चालन गर्न गराउने सक्नेछ।

**२०. आर्थिक सहायता सम्बन्धी व्यवस्थाः**

२०.१ अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल राहत उपलब्ध गराउँदा देहाय अनुसारको भौतिक सम्पत्तिको क्षतिको वर्गीकरणको आधारमा आर्थिक सहायता राहत उपलब्ध गराइनेछः

रु. ५० हजार सम्मको क्षतिका लागि -रु. ३,०००।-

रु. ५० हजारभन्दा माथि १ लाख सम्मको क्षतिका लागि -रु. ७५००।–

रु. १ लाखभन्दा माथि ३ लाखसम्मको क्षतिका लागि -रु. १०,५००।–

रु. ३ लाखभन्दामाथि ५ लाखसम्मको क्षतिका लागि -रु. १२,५००।–

रु. ५ लाखभन्दामाथि १० लाखसम्मको क्षतिका लागि -रु. १५,०००।–

रु. १० लाखभन्दामाथि २५ लाखसम्मको क्षतिका लागि -रु. १७,५००।–

रु. २५ लाखभन्दामाथिको क्षति भएमा - रु. २०,०००।-

२०.२ मानवीय क्षतिको,घाइते उपचारको हकमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०.३ माथि जुनसुकै कुरा लेखिएको भएता पनि कोषमा रकम नभएमा राहत उपलब्ध गराउन सकिने छैन।

**परिच्छेद – ५**

**विविध**

**२१. कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्नेः**

गाउँपालिका र गाउँपालिका अन्तर्गत क्रियाशील सबै संघ/संस्थाहरूले विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा विपद् व्यवस्थापन कोषको समन्वय मात्र सञ्चालन गरिनेछ ।

**२२. जाँचपास तथा फरफारकः**

कोषबाट सञ्चालन गरिएका कार्यक्रमहरुको जाँचपास तथा फरफारक व्यवस्थापन समितिले गर्नेछ ।

**२२. गाउँपालिकाको बजेट तथा योजनामा समावेश गर्नेः**

कोषबाट स्वीकृत वार्षिक बजेट तथा योजना गाउँपालिकाको वार्षिक विकास कार्यक्रम योजनामा समावेश गर्नुपर्नेछ ।

**२३. निर्देशिकाको संशोधनः**

यस निर्देशिकामा मर्यादित संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा व्यवस्थापन समितिको सिफारिशमा भूमे गाउँ कार्यपालिकाले गर्नेछ ।

**२४. बचाउ र खारेजीः**

(१) यस निर्देशिकामा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, संघीय कानुन र प्रदेश कानुन तथा गाउँपालिकामा जारी ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको बुँदा स्वतः खारेज भएको मानिनेछ ।

(२) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा भूमे गाउँ कार्यपालिकाले कोष खारेज गर्न सक्नेछ ।

(३) कोष खारेज भएमा कोषको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व स्वतः भूमे गाउँपालिकाको नाममा हुनेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**